परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

वर्ष १४ | अंक १० | २०८२ असोज १२ आइतवार | Sunday 28, SEP 2025 | पृष्ठ: ६, | मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'

कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## चार पत्रकारलाई फेलोसिप हस्तान्तरण




पत्रकारहरु दाँयाँबाट क्रमश : विनोद सुवेदी, किशोर बुढाथोकी, चिना थापा र पर्वत पोर्तेल

विराटनगर । विकल्प एन अल्टरनेटिभले इन्टरनेसनल अलर्टसँगको सहकार्यमा जनही ५० हजार नगदसहित ४ जना पत्रकारलाई विहीवार फेलोसिप हस्तान्तरण गरेको छ ।

फेलोसिप प्राप्त गर्ने पत्रकारहरूमा नागरिक दैनिकका विनोद सुवेदी, सुनौलो नेपालकी चीना थापा, अन्नपूर्ण पोस्टका किशोर बुढाथोकी र कान्तिपुर दैनिकका पर्वत पोर्तेल रहनु भएको रहेका छन । विकल्पले फेलोसिपका लागि आह्वान गरेको खुला आवेदनको आधारमा ४ जना पत्रकार छनौट भएको थियो ।

फेलोसिप वितरण कार्यक्रममा बोल्दै विकल्पका अध्यक्ष प्रा. डा. भेष प्रसाद धमलाले पत्रकारहरू समाजमा रहेको विकृति, विसङ्गतिका विरुद्धका अभियन्ता भएकोले पत्रकार आफ्नो पेशामा सदैव गम्भीर हुनुपर्ने बताउदैं उहाँले भने पत्रकारको कलम प्रति समाज विश्वस्त हुने हुँदा समाजमा सकारात्मकता वा नकारात्मकता विस्तारमा पत्रकारको ठूलो भूमिका हुने वताए ।

विकल्पका संस्थापक तथा कार्यकारी निर्देशक वसन्त अधिकारीले विकल्पले विगत १० वर्ष देखि जीविकोपार्जन, स्वतन्त्रता, गरेर खान पाउनु पर्ने अधिकारको लागि काम गर्दै आएको जानकारी दिदै अधिकारीले भने विकल्पले फेलोसिपको माध्यमबाट थप जिम्मेवार र सशक्त पत्रकारिता गर्न बल पुग्ने वताए ।

कार्यक्रममा बोल्दै नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिका अध्यक्ष भरत खड्काले विकल्पले पत्रकारिता क्षेत्रसँग सहकार्य गर्दै श्रमजीवी पत्रकारलाई थप

वांकी अन्तिम पेजमा...

## पारस हस्पिटलमा करोड भन्दा बढीको छुट प्रदान

विराटनगर । विराटनगरको महेन्द्र चौकमा २०७९ सालमा संचालन भएको पारस हस्पिटलले २०८२ साल बैशाख १ गते देखि भदौ मसान्त सम्म अर्थात ५ महिनामा एक करोड भन्दा वढी विपन्न विरामीलाई छुट दिएको वताएको छ ।

शनिवार बडा दशै, तिहार र छठ पर्वको उपलक्ष्ममा गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा पारस हस्पिटलका



अध्यक्ष एवम् डाक्टर सफिउर रहमानले ५ महिनामा विपन्न विरामीलाई १ करोड ११ लाख ६५ हजार १ सय ८२ रुपियाको छठ प्रदान गरीएको वताए ।

आर्थिक अभाव भएकै कारण उपचार गर्न वाट बन्चित नहोस भन्ने उदेश्यले नै हस्पिटल संचालन गरेकोमा सोही अनुसार विपन्न विरामीहरुलाई छुट दिदै आएको डाक्टर रहमानको भनाई थियो ।

सोही अवसरमा हस्पिटलका कार्यकारी अधिकृत हेम नारायण मेहताले २०७९ सालको ५ महिनामा ३४ लाख ५६ हजार १ सय, २०८० मा ४६ लाख ६६ हजार ३ सय ३०, २०८१ मा २ करोड

वांकी अन्तिम पेजमा...

## आँखा अस्पतालको साधारण सभा सम्पन्न

विराटनगर । नेपालको पूर्व क्षेत्रको पहिलो आँखा अस्पताल रामलाल गोल्छा आँखा अस्पताल प्रतिष्ठानको वार्षिक साधारणसभा तथा वडादशै, तिहार र छठ पर्वको शुभकामना आदानप्रदान सम्पन्न गरेकोछ ।

अस्पतालको सभाहलमा प्रतिष्ठानको भावी लक्ष्य र योजना सर्वसम्मतले पारित गर्दै साधारणसभा तथा शुभकामना आदानप्रदान सम्पन्न गरेको थियो ।

साधारणसभा तथा शुभकामना आदानप्रदान कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ नेत्र रोग विशेषज्ञ डा. यादव भक्त जोशीले भने हाम्रो पालामा यस्तो प्रविधि नभएका कारण धेरै मुस्किलले जोखिम मोलेर आँखाको अप्रेसन गरिन्थ्यो । वहाँले भने अहिले प्रविधि र दक्ष जनशक्तिले सजिलो भएको वताउदै बडादशै, तिहार र छठपर्वको शुभकामना दिएका थिए ।

अस्पताल प्रतिष्ठानका कार्यकारी अध्यक्ष दिनेश गोल्छाले अस्पतालले नाफा नभएर सेवाग्राहीको सुविधालाई प्रमुख लक्ष्य बनाएर अघि बढेको जानकारी दिदै गोल्छा आँखा अस्पताल सामान्य जनताको आँखा उपचारको गन्तव्य बनेको र अगामी दिनमा पनि अस्पतालको सेवालाई थप आधुनिक बनाउँदै लग्ने प्रतिवद्धता जनाए ।

प्रतिष्ठानका महासचिव सुरेन्द्र गोल्छाले अस्पतालका संस्थापक रामलाल गोल्छाले आफ्नो आँखाको उपचार गर्न कोलकता पुग्दा विराटनगरमा समेत आँखा उपचारका लागि अस्पतालको आवश्यकता महसुस गर्दै अस्पताल स्थापना गरेको स्मरण गर्दै अस्पतालले हाल सम्म लाखौंको आँखाको उपचार गर्न सफल भैसकेको जानकारी गराए ।

अस्पतालका व्यवस्थापक नवीन राजवंशीले अस्पतालले गत वर्ष मात्रै ६५ हजार भन्दा बढी सेवाग्राहीलाई उपचार सेवा र ६ हजार भन्दा बढीको शल्यक्रिया गरेको जानकारी दिनु भएको थियो।

राजवंशीले हाल तिलगंगा आँखा अस्पतालको व्यवस्थापनमा संचालन भैरहेको गोल्छा अस्पतालको सामुदायिक आँखा केन्द्रबाट मात्रै २४ हजार भन्दा बढीलाई उपचार सेवा उपलब्ध गराएको तथ्यांक देखाए ।

उहाँले अस्पतालले आगामी दिनको स्थानीय पालिकाहरूको सहकार्यमा थप सामुदायिक आँखा केन्द्रको स्थापना, आँखाका विशेष उपचार सेवाको विस्तार, बालबालिकाका लागि अत्याधुनिक प्रविधि युक्त सेवा, थप निःशुल्क शिविर संचालन गर्ने लक्ष्य तथा योजना रहेको वताए ।

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त गर
सहमती बचत तथा ऋण सहकारी संस्था लि.
परिवार, प्रगती विनायक टोल
विराटनगर-८

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक
ाय शुभकामना व्यक्त गर
स्वास्थ्य र शान्तीका लागि वातावरण नेपाल
परिवार, प्रधान कार्यालय
विराटनगर-१०

क्राईम अपरेशन साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## मोरंगमा...

जिम्मेवार र सशक्त बनाउने उद्देश्यले फेलोसिप हस्तान्तरण गरेको भन्दै संस्थाको प्रशंसा गर्नु भएको थियो। खड्काले आगामी दिनमा समेत महासंघले विकल्पसँग सहकार्य गर्दै पत्रकारिता क्षेत्रमा थप काम गर्नेमा आशावादी रहेको बताउनु भएको थियो ।

फेलोसिप हस्तान्तरण कार्यक्रममा नेपाल पत्रकार महासंघ मोरङ शाखा अध्यक्ष सुशीला पाठक, नेपाल पत्रकार महासंघ कोशी प्रदेश संस्थापक अध्यक्ष विक्रम लुइटेल,पत्रकार महासंघ मोरङ जिल्ला पूर्व अध्यक्ष बन्धु पोखरेल लगायतले शुभकामना मन्तव्य राखेका थिए । विकल्पकी कार्यक्रम संयोजक रानु साहले कार्यक्रमको उद्देश्य बारे र फेलोसिप प्राप्त गर्ने पत्रकारहरूले आफूले गरेको काम बारे जानकारी गराएका थिए ।

## पारस...

१० लाख ५८ हजार ३ सय ७५ विपन्न विरामीहरुलाई छुट दिएको तथ्याँक प्रस्तुत गरेका थिए ।

वहाँका अनुसार पारस हस्पिटल २०७९ सालमा स्थापना भएयता ओपिडी ४५ हजार ८८०, आईपीडी ९ हजार ६८०, ओटी ७ हजार ८६५ र ल्याब टेष्ट ३० हजार ८२० भएको जानकारी गराएका थिए ।

उक्त कार्यक्रम प्रेस युनियन कोशी प्रदेशका अध्यक्ष मीन कुमार नवोदित, नेपाल पत्रकार महासंघ मोरंगका अध्यक्ष शुशीला पठक, प्रेस सेन्टर मोरंगका अध्यक्ष नविन कर्ण लगायत भारतीय पत्रकारहरुको समेत उपस्थिति रहको थियो ।

NO SMOKING

# राजवंशी भाषाको भिडियो सार्वजनिक हुने



विराटनगर । "भुल्कीबाली चेङ्गी गे तुई" नामक म्यूजीक भिडियो भाद्र १३ गते सार्वजनिक हुने भएको छ । राजवंशी समाजको राजवंशी भाषामा एकदमै सु-मधुर आवाजमा उक्त म्यूजीक भिडियो सम्पादन गर्न सफल भएको छ । राजवंशी जातिको भरपुर्ण संस्कार र रितिरिवाजलाई महत्पूर्ण अर्गानिक संस्कारमा छायांकन गरिएको उक्त म्यूजीक भिडियो अहिलेनै फेसवुक सामाजिक सञ्जाल र टिकटकमा भाइरल हुदै गएको छ । यस म्यूजिक भिडियो अरु मेरो भिडियो भन्दा राम्रो भाइरल हुने कलाकार तथा प्रोड्यूसर दिनेश कुमार राजवंशीले शनिवार पत्रकार सम्मेलन मार्फत जानकारी गराए ।

नेपालीहरुको महान चाँड वडा दशैं, तिहार र छठ पर्वको पावन अवसरमा सबैलाई शुभकामना व्यक्त गर्दै यस म्यूजीक क्षेत्रमा विगत लामो समय देखि काम गर्दै आएको र राजवंशी समाजको राजवंशी भाषागत गीतहरु अहिलेसम्म यस म्यूजीक भिडियो लगायत ७ ओटा म्यूजीक भिडियोमा काम गरिसकेको यसै पत्रकार सम्मेलन जानकारी गराए ।

चाडपर्व प्रति सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकारात्म असर पर्ने गतिविधी नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं,

नेपाल सरकार, विज्ञापन बोर्ड

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
जगदम्वा वस्त्रालय
बाटा रोड विराटनगर-८

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
गोल्डेन हस्पिटल, परिवार
विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
अरनिको आवाशीय माध्यमिक विद्यालय
परिवार, तीनटोलिया विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
संतोष साह (के. अध्यक्ष)
नेपाल सुडी समाज परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
विराट आँखा अस्पताल
परिवार रोडशेष चौक, विराटनगर

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

# दशैं पर्वको शुभकामना

नेपालमा मनाइने चाडपर्वहरूमध्ये दशैं सबैभन्दा ठूलो र महत्वपूर्ण पर्व हो। यो पर्व केवल धार्मिक अनुष्ठानमा सीमित नभई पारिवारिक भेटघाट, सामाजिक एकता र सांस्कृतिक रंगमञ्चको रूपमा स्थापित छ। विजयादशमीको अवसरमा ठूलाबडाबाट टीका, जमरा र आशीर्वाद ग्रहण गर्ने परम्परा आज पनि उत्तिकै जीवित छ। यसरी दशैंले हामीलाई संस्कृतिमा जरा गाडिएको आपसी सम्बन्ध र पीढीगत एकतालाई स्मरण गराउँछ।

तर, दशैंको वास्तविक सार केवल पूजाआजा वा रमझममै सीमित छैन। यो पर्वले अन्यायमाथि न्यायको, असत्यमाथि सत्यको र असुरमाथि सुरको विजयको सन्देश बोकेको छ। महिषासुरमाथि देवी दुर्गाको विजय होस् वा रामायणमा रामले रावणलाई परास्त गरेको प्रसंग, यी सबै कथाहरूले हामीलाई सकारात्मक विचार, संयम, साहस र धर्मपालनको बाटो देखाउँछन्। आजको समयमा दशैंले अझ विशेष सन्देश दिन्छ–सामाजिक सहकार्य र सद्भाव। हाम्रो समाज विविधता र बहुलताले भरिएको छ। विभिन्न जातजाति, धर्म, भाषा र संस्कृतिहरूबीच सहिष्णुता र समझदारीको पुल बन्ने अवसर पनि दशैंले दिन्छ। तर यसैबीच चाडको नाममा बढ्दो खर्चिलोपन, देखावटी प्रतिस्पर्धा र ऋणको चपेटामा परिवारहरू पर्नु दु:खद पक्ष हो।

दशैंले ल्याउने खुशीलाई अर्थपूर्ण बनाउन आवश्यक छ–संयमित खर्च, स्थानीय उत्पादनको प्रयोग, आडम्बरभन्दा आत्मीयतालाई प्राथमिकता र सहानुभूतिपूर्ण व्यवहार। यही हो दशैंको वास्तविक आत्मा। यस वर्षको दशैंले सबै नेपालीमा आशा, खुशी र समृद्धि ल्याओस्। द्वेष र असमझदारी हटाई सहकार्य, सद्भाव र राष्ट्रिय एकताको जग अझ मजबुत होस् भन्ने हाम्रो अपेक्षा छ। दशैंलाई केवल चाड मात्र नभई सामाजिक परिवर्तन र सकारात्मक सोचको प्रेरणाको रूपमा लिन सकियो भने यसको महत्व अझ गहिरो हुनेछ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क,कि,कु,घ,**ङ,छ,**के,को**,ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (**मा,मि,मु,मे,मो,टा,टि,टु,टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या** (**टो,प,पी,पू,ष,ण,ठ,पे,पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा,री,रु,रे,रो,ता,ती,तु,ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो,भा,भी,भू,ध,फा,ढ,भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# जेन–जीको भविष्य : दबाब समूह वा नयाँ शक्ति

**रिवाज पौडेल**

विभिन्न युगमा नेपालले विभिन्न प्रकारका क्रान्ति देखेको छ-२००७ मा राणाशासन विरुद्धको क्रान्ति, २०४६ मा पञ्चायत विरुद्धको क्रान्ति, २०६३ मा राजतन्त्र विरुद्धको क्रान्ति र २०८२ मा भ्रष्टाचार विरुद्धको क्रान्ति।

पछिल्लो क्रान्तिको नेतृत्व जेनेरेसन जेड (जेन-जी) ले गरे। जेन-जी पहिलो वास्तविक डिजिटल र विश्वव्यापी पुस्ता हो, जसमा बलियो सामाजिक र राजनीतिक जागरूकता छ। यिनीहरू डिजिटल नेटिभ, विश्व मुद्दाहरू र विश्वव्यापी मामिलासँग बढी जोडिएका छन्। सूचना र प्रविधिको पहुँचमा भएका यस पुस्ताले विविधता र समावेशीकरणको स्वीकृति, व्यावहारिक शिक्षा, उद्यमशीलता, सक्रिय तथा बृहत् मानसिकता, जलवायु परिवर्तन, मानव अधिकार, भ्रष्टाचार न्यूनीकरण, प्रणालीमा सुधार, रोजगारी, आर्थिक विकास, प्रविधि र नातावादजस्ता मुद्दामा बढी चासो राख्छन्।

यसपालिको क्रान्ति केवल दुई दिनको विरोधको परिणाम मात्र थिएन, विज्ञहरू र नागरिक समाजले नेताहरूलाई चेतावनी दिइरहेका थिए कि नेताहरूले गरेको भ्रष्टाचार र उनीहरुको विलासीपूर्ण जीवनशैलीप्रति नागरिकहरूमा व्यापक असन्तुष्टि छ। यो क्रान्तिलाई सामाजिक सञ्जालमा प्रतिबन्धसँग सम्बन्धित सरकारका हालैका निर्णयले र 'नेपोकिड्स भाइरल ट्रेन्ड'ले थप बल पुऱ्यायो।

जेन-जीले सुरुमा भ्रष्टाचार विरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्ने घोषणा गरेका थिए तर तत्कालीन सरकारले निर्दयी रूपमा बल प्रयोग गरेकाले पहिलो दिनमै २० भन्दा बढी युवा प्रदर्शनकारीको मृत्यु भयो, जसमध्ये केही स्कुल पोसाकमा पनि थिए। सरकारको यस कदमले नागरिकलाई आक्रोशित बनायो। दोस्रो दिनको प्रदर्शनमा आन्दोलनकारी सरकार विरुद्ध खनिए, सरकारी सम्पत्ति र नेताहरूको घरमा तोडफोड भयो। प्रदर्शनकारीले नेताको घरभित्र ठुलो मात्रामा कालो धन फेला पारे, जसले नागरिकहरूको आक्रोशलाई अझ बढायो र विरोधलाई अनियन्त्रित परिस्थितिमा पुऱ्यायो। यस्तो अवस्थामा लुटपाट गर्ने मानसिकता भएका केही व्यक्ति पनि संलग्न भए र निजी व्यवसायमा तोडफोड गरे, सामान र पैसा लुटे। एकै समयमा देशको कानुन र व्यवस्था ध्वस्त भयो, तर नेपाली सेनाको बुद्धिमत्ता र विवेकका कारण शान्तिपूर्ण रूपमा देशमा अन्तरिम सरकार बन्ने वातावरण सिर्जना भयो, जसमा सेनाले सहजीकरण गऱ्यो। वर्तमान परिस्थितिमा नेपालले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार पाएको छ, उनी नेपालको पहिलो महिला प्रधानमन्त्री पनि बनेकी छिन्।

वर्तमान सरकारको सहजीकरणमा जेन-जी सम्मेलन उत्तम विकल्प हुन सक्छ। जेन-जी सम्मेलन भएमा देशभरिका युवा समेटिन्छन् र जेन-जीको आवाज थप समावेशी हुन्छ, आन्दोलनको परिणामलाई अझ व्यवस्थित बनाउँछ।

अन्तरिम सरकारको पहिलो प्राथमिकता भनेको कानुनी व्यवस्था कायम राख्ने र नागरिकहरूको विश्वास जित्ने कुरामा केन्द्रित हुनु हो। त्यसका लागि सरकारले नेताहरूको भ्रष्टाचारको बारेमा छानबिन गरी कारबाहीको प्रक्रिया बलियो रूपमा सुरु गर्नुपर्छ। त्यसैगरी अन्तरिम सरकारले फागुनमा अर्को चुनाव गराउने वातावरण तयार गर्नुपर्छ। यस्तै तोडफोड गरिएका सरकारी सम्पत्तिको निर्माणमा ध्यान केन्द्रित गर्नुपर्छ, सुरक्षा तथा सरकारी संस्थाहरूको मनोबल बढाउनुपर्छ। यसका साथै यो सरकारले सहिद परिवार र घाइते भएकालाई सहयोग गर्नुपर्छ। यी निर्दोष प्रदर्शनकारीलाई गोली हानेर मारेकामा संलग्नहरूलाई कडा अनुसन्धान र सजाय पनि दिनुपर्छ।

यसका साथै यो सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको विश्वासलाई पनि बलियो बनाउनुपर्छ, ताकि लगानीको वातावरण अनुकूल होस्। अर्थतन्त्रमा सुधार अहिलेको अर्को आवश्यकता हो, जुन यस सरकारले आगामी सरकारलाई सजिलो बनाउनका लागि जग बनाउनुपर्छ। केही कन्स्पिरेसी सिद्धान्तकारहरूको तर्क अनुसार देशलाई भूराजनीतिको खेल मैदान बनाउने रणनीतिका रूपमा विदेशी शक्तिले पूर्वसरकारलाई ढालेको हो; जुन बंगलादेश, श्रीलंकाजस्ता देशमा देखियो। यस्तो अवस्थामा यस सरकारको विदेशनीति अर्को महत्त्वपूर्ण कार्य हो; जसलाई यस सरकारले सावधानीपूर्वक सम्हाल्नुपर्छ। यी सबै चुनौतीलाई सम्हाल्दै यो सरकारले आगामी चुनाव शान्तिपूर्ण ढंगले सम्पन्न गर्नुपर्ने दायित्व छ।

यस सरकारलाई समर्थन गर्ने जेन-जीले चुनावसम्म सरकारको साथमा उभिनुपर्छ, यस समयमा उत्पन्न हुने कुनै पनि मतभेदलाई सडकमा होइन, आन्तरिक रूपमा समाधान गर्नुपर्छ। यो आक्रामकता भन्दा परिपक्वता देखाउने समय हो, किनकि अपरिपक्वताको अवस्थामा बाहिरी तत्त्वले विभाजन गर्ने मौका पाउँछन्। हाल जेन-जी नेताले सावधानीपूर्वक बोल्नुपर्छ, किनभने कुनै पनि अनावश्यक भाषणले समग्र आन्दोलनको नतिजालाई नष्ट गर्न सक्छ।

नेपालको जेन-जी आन्दोलनलाई बुझ्न अन्य देशका युवाले नेतृत्व गरेका आन्दोलनसँग तुलना गर्न सकिन्छ। श्रीलंकामा सन् २०२२ मा देखिएको आन्दोलन मूलत: आर्थिक संकट, इन्धन अभाव र मूल्यवृद्धिको कारण सुरु भएको थियो, जसले 'गोता गो होम' अभियानमार्फत तत्कालीन राष्ट्रपति राजापाक्षेलाई राजीनामा दिन बाध्य बनायो। बंगलादेशमा सन् २०१८ को छात्र आन्दोलन सडक सुरक्षाको मागमा र २०२४ को कोटा प्रणालीको विरोध आन्दोलनमा युवाहरू व्यापक रूपमा सडकमा उत्रिए, तर सरकारी दमन र स्पष्ट नेतृत्वको अभावका कारण ती आन्दोलनले आंशिक मात्र सफलता पाए। यस्तै चिलीमा २०१९ मा सानो यातायात भाडा वृद्धिबाट सुरु भएको आन्दोलन संविधान नै फेरबदल गर्ने तहसम्म पुगेको थियो, तर विभाजन र विवादका कारण नयाँ संविधानको प्रस्ताव सन् २०२२ मा जनमत संग्रहमा असफल भयो। यी अन्तर्राष्ट्रिय अनुभवले नेपालका युवालाई दुई महत्त्वपूर्ण सन्देश दिन्छन्– १) जनदबाबले गहिरो राजनीतिक परिवर्तन सम्भव हुन्छ। २) आन्दोलनलाई संस्थागत सुधार र दीर्घकालीन संरचनामा परिणत गर्न नसकिए यसको परिणाम क्षणिक मात्र हुन सक्छ।

जेन-जीको भविष्य

हाल जेन-जी छरिएका छन्। आफ्नो आवाजलाई ठुलो जनसमुदायमा फैलाउन जेन-

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३५०१,१००
नगर प्र.का. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# सोह्र श्रद्ध : पूर्वजप्रतिको श्रद्धा र संस्कृतिको निरन्तरता

सोह्र श्राद्ध वा पितृ पक्ष हिन्दू धर्म संस्कृतिमा एक अत्यन्तै महत्वपूर्ण संस्कार हो । यसलाई केवल धार्मिक परम्परा मात्र नभई आस्था, श्रद्धा र कर्तव्यबोध सँग जोडिएको जीवनशैलीका रूपमा पनि बुझिन्छ । प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध अर्थात् पितृ पक्ष आजदेखि सुरु भएको छ । यो संस्कारमा दिवंगत पितृहरूको सम्झनामा श्राद्ध, तर्पण, दान र पिण्डदान जस्ता धार्मिक कर्महरू गरिन्छन् । यसै अवधिलाई पितृ पक्ष भनिन्छ । जसलाई 'महालय' वा 'सोह्र श्राद्ध' नामले पनि चिनिन्छ । हिन्दू मान्यता अनुसार पितृ पक्षमा गरिएका श्रद्धा र कर्महरूले दिवंगत आत्मालाई शान्ति, तृप्ति र मोक्ष प्राप्त हुन्छ भन्ने विश्वास छ । परिवार र वंशजले पुण्य कमाउने, घरमा सुख समृद्धि आउने र जीवनमा शान्ति कायम हुने धार्मिक धारणा पाइन्छ ।

शास्त्रीय व्याख्याअनुसार श्राद्ध भन्नाले श्रद्धापूर्वक गरिएको धार्मिक कर्मलाई जनाउँछ । संस्कृत श्लोक "श्रद्धया यत् क्रियते तत् श्राद्धम्" अर्थात् श्रद्धासाथ गरिएको कर्म नै श्राद्ध हो भन्ने कुरा यस परम्पराको मूल आधार हो । यसको अर्थ पितृहरूको सम्झनामा गरिएको हरेक कर्मको जड श्रद्धा नै हो । तसर्थ सोह्र श्राद्धमा वंशजहरूले दिवंगत पितृहरूलाई सम्झने उनीहरूको योगदान र अस्तित्व प्रति कृतज्ञता



रमेश कुमार बोहोरा

व्यक्त गर्ने अवसर पाउँछन् । यसरी हेर्दा यो संस्कार जीवन र मृत्यु बीचको सम्बन्ध बुझाउने गहिरो आध्यात्मिक अभ्यास पनि हो ।

श्राद्ध कर्ममा विभिन्न विधिहरू अवलम्बन गरिन्छन् । विशेषतः चामल, तिल, कुश, दूध र जल प्रयोग गरी तर्पण गरिन्छ । दिवंगत पितृहरूको नाममा पिण्डदान गरिन्छ जुन आत्माको तृप्तिको प्रतीक मानिन्छ । यसैगरी ब्राह्मणलाई भोजन गराइन्छ र दान दिइन्छ । यो परम्परा केवल धार्मिक विश्वासमा मात्र नभई सामाजिक दृष्टिले पनि गहिरो छ किनभने यसले दानशीलता, परोपकार र सामूहिक सद्भाव बढाउँछ । पितृ पक्षमा गरिएका दान र पुण्य कर्महरूले नकारात्मक ऊर्जा हटाउने घर परिवारलाई विपद्बाट जोगाउने र सकारात्मक फल दिने विश्वास गरिन्छ ।

सोह्र श्राद्धलाई समाज शास्त्रीय दृष्टिबाट पनि महत्त्वपूर्ण मानिन्छ । यो केवल व्यक्तिगत धार्मिक अनुष्ठान नभई सामूहिक परिवारिक संस्कार हो । यस समयमा परिवारका सबै सदस्यहरू एकै ठाउँमा भेला भएर दिवंगत पितृहरूको सम्झना गर्छन् । पुराना पुस्ताले नयाँ पुस्तालाई आफ्नो संस्कार, परम्परा र वंशको महत्व सम्झाउँछन् । यसरी यसले परिवारमा एकता, भावनात्मक नजिकता र संस्कृतिको संरक्षण गर्ने कार्य गर्दछ । वास्तवमा यो संस्कारले वंश निरन्तरता र सामूहिक जिम्मेवारीबोधलाई मजबुत बनाउँछ ।

आध्यात्मिक दृष्टिले पितृ पक्ष जीवन र मृत्युको गहिरो सत्यलाई सम्झाउने अवसर पनि हो । मानिसलाई मृत्यु अन्त्य होइन अर्को अस्तित्वको सुरुवात हो भन्ने धारणा यसले प्रस्ट पार्छ । जीवित व्यक्तिलाई आफ्ना कर्म, श्रद्धा र कर्तव्यप्रति सजग गराउँछ । पूर्वजप्रतिको कृतज्ञता व्यक्त गर्नु भनेको वर्तमान जीवनलाई नै धर्म, आस्था र नैतिकताको बाटोमा अघि बढाउने प्रेरणा हो । त्यसैले पितृ पक्षमा गरिने हरेक विधि केवल आत्मा सन्तुष्ट पार्ने कर्म नभई जीवितलाई पनि जीवन दर्शन सिकाउने माध्यम हो ।

यस संस्कारलाई सांस्कृतिक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण मानिन्छ । पुस्तौंदेखि चलिआएको परम्परा निरन्तरता पाउँदै आएको छ जसले नेपाली समाजको सांस्कृतिक पहिचानलाई मजबुत बनाएको छ । आधुनिकतासँगै धेरै संस्कार हरू बिस्तारै हराउँदै गएको देखिए पनि पितृ पक्ष अझै पनि हिन्दू समाजमा उस्तै श्रद्धा र भव्यताका साथ मनाइन्छ । यसले परम्परागत मूल्य, सामाजिक एकता र पारिवारिक सम्बन्धलाई जीवित राख्ने महत्वपूर्ण भूमिका खेलेको छ ।

यसरी हेर्दा सोह्र श्राद्ध वा पितृ पक्ष केवल धार्मिक कर्म मात्र होइन पूर्वजप्रतिको श्रद्धा, परिवारप्रतिको आस्था, सामाजिक एकताको आधार र सांस्कृतिक निरन्तरताको प्रतीक हो । यो परम्पराले वर्तमानलाई अतीतसँग जोड्छ मृत्युपछि पनि आत्माको अस्तित्व रहने विश्वासलाई बल दिन्छ र जीवनलाई कर्तव्य, श्रद्धा र नैतिकताका मार्गमा अघि बढ्न प्रेरित गर्दछ । पितृ पक्ष मनाउनु भनेको दिवंगत आत्मालाई सम्झनु मात्र होइन आफ्नो जीवनलाई पनि धार्मिक, नैतिक र सांस्कृतिक दृष्टिले समृद्ध बनाउनु हो । (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक हुनुहुन्छ )

# प्रदेश प्रहरी प्रमुखबाट प्रहरी कार्यालय भोजपुरको निरिक्षण



विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर कार्कीले जिल्ला प्रहरी कार्यालय भोजपुरको विहीवार निरीक्षण भ्रमण गर्नु भएको छ ।

निरीक्षण भ्रमणको क्रममा वँहाले कार्यलय भवन, मेस, सम्पुर्ण शाखाहरु तथा हिरासत कक्षको निरीक्षण गर्नुका साथै प्रहरी सेवा प्रवाहलाई थप चुस्तदुरुस्त एवं प्रभावकारी बनाउन र नागरिकमा प्रहरी सेवाको पहुँच पुऱ्याउन कार्यरत प्रहरी कर्मचारीहरुलाई निर्देशन दिएको थियो ।

निर्देशनको क्रममा वँहाले नेपाल प्रहरीको मुल्य मान्यतामा आधारित रहि संगठनबाट भए गरेको नीति निर्देशनहरुको अक्षरस पालना गर्दै संगठनात्मक तथा व्यक्तिगत लक्ष्य प्राप्तिको लागी सदैव उत्प्रेरित भई पेशागत ज्ञान तथा क्षमता अभिबृद्धी गरी अब्बल रहन र प्रहरी कर्माचारीहरु बिचमा सामुहिक भावनाको बिकाश गर्दै आफ्नो कर्तब्यमा तल्लिन रहन निर्देशन दिएका थिए ।

साथै आई पर्ने आरोह अबरोहहरुलाई पार गर्दै जनताको मन जित्न सफल बन्दै जानु पर्ने वताउँदै वहाँले समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरी समाजमा अपराध न्युनिकरण गर्न सकिने बिश्वास ब्यक्त गरेका थिए । शान्ति सुरक्षा कायम राख्न तथा अपराधिक गतिबिधि नियन्त्रण गर्नको लागि कडाईका साथ चेकजाँचको ब्यवस्था मिलाउनका वँहाले निर्देशन दिएका थिए ।

निरीक्षण भ्रमणको क्रममा जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी नायव उपरीक्षक राजु लामाले प्रदेश प्रहरी प्रमुख कार्कीलाई भोजपुर जिल्लाको समग्र शान्ती सुरक्षाको अवस्था, जनशक्ति व्यवस्थापन, भावि कार्य योजना, सुरक्षा चुनौतीहरु लगायतका विषयहरुमा अवगत गराउनु भएको थियो भने प्रदेश प्रहरी प्रमुख कार्कीले इलाका प्रहरी कार्यालय तिवारीभञ्ज्याङ भोजपुरको समेत निरीक्षण गरेको थियो ।

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
स्वास्तिक आयल इन्ड्रस्ट्रिज प्रा.लि.
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
अनुपम राठनी (अध्यक्ष)
मोरंग उद्योग व्यापार संघ
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सुर्यनाथ प्रसाद सिंह (के. अध्यक्ष)
वृहत मधेशी नागरिक समाज

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
हाजी आँखा अस्पताल परिवार
रानी विराटनगर

# दाहाल प्रतिष्ठानद्धारा १७ जना सम्मानित

विराटनगर । दाहाल प्रतिष्ठान विराटनगरले नेपाल पत्रकार महासंघ मोरंगका अध्यक्ष सुशिला पाटक सहित विभिन्न क्षेत्रमा योगदान पुर्याए वापत १७ जनालाई सम्मानित गरेको छ । दाहाल प्रतिष्ठान अन्तर्गत स्थापित कोषहरूबाट पुरस्कृत तथा सम्मानित गर्दै आएको छ ।

कान्तिपुर संवाददाता रहेको पाठकलाई स्वर्गीय पदमप्रसाद अम्बिकादेवी दाहाल स्मृतिकोषबाट सम्मान गरिएको छ । पत्रकारिता क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै ११ हजार रुपैयाँ राशिसहित सम्मान पत्रले पाठकलाई सम्मान गरिएको छ ।

स्वर्गीय विद्यादेवी, बाबुराम-सरस्वती दाहाल सेवा कोषबाट स्थापित 'विराट सामाजिक सम्मान' बाट पण्डित भवानी शंकर निरौलालाई ३१ हजार रुपैयाँ, माया घरकी सुभद्रा प्याकुरेल र मानव सेवा आश्रमका नवराज केसीलाई २५ हजार रुपैयाँले सम्मान गरिएको छ ।



नेपाल पत्रकार महासंघ मोरंग अध्यक्ष पाटक सम्मानित हुँदै ।

कार्यक्रममा वराहक्षेत्र गुरुकुलका युगल दाहाल र उदयपुर गुरुकुलका पुष्पराज भट्टराईलाई सात हजार रुपैयाँसहित प्रोत्साहन स्वरूप सम्मान गरिएको छ । प्रतिष्ठानले सोही अवसरमा स्वर्गीय पण्डित जानकीवल्लभ-चन्द्रप्रभा दाहाल स्मृति कोषका तर्फबाट दमकका कुलबधु डोयनालाई 'सामाजिक सम्मान' र यमुना कोइराला दाहाललाई 'वर्ष कुलबधु सम्मान' प्रदान गरिएको छ ।

स्वर्गीय पदमप्रसाद-अम्बिका देवी दाहाल स्मृति कोषका तर्फबाट भक्ति दाहाललाई 'लेखन तथा साहित्य सम्मान' प्रदान गरिएको छ । सोही कोषबाट ११ हजार राशिसहित सुमितकुमार खड्कालाई 'राष्ट्रिय गायक सम्मान' र ललितनारायण राजवंशीलाई 'वर्ष खेलाडी सम्मान' बाट सम्मानित गरिएको छ ।

स्वर्गीय चन्द्रकान्त-दिव्यश्वरा दाहाल स्मृति कोषको तर्फबाट धनमाया दाहाललाई छ हजार एक सय ५५ रुपैयाँ राशिसहित 'वर्ष आमा सम्मान' प्रदान गरिएको छ भने सोही कोषबाट पाँच हजार पाँच सय ५५ रुपैयाँ राशिसहित पोखरिया माविका उदय सिटौला र आदर्श माविका शुभेच्छा दाहाललाई उत्कृष्ट छात्रछात्रा सम्मानबाट पुरस्कृत गरिएको छ ।

दाहाल प्रतिष्ठानका महासचिव सूर्य दाहालले सोही समारोहमा प्रतिष्ठानको तर्फबाट बाबुराम दाहाललाई 'अक्षय कोषदाता सम्मान', कमलराज दाहाललाई 'जग्गा दाता सम्मान' र धिरेन्द्र दाहाल लाई 'संरचना निर्माता सम्मान' प्रदान गरिएको छ ।

दाहाल प्रतिष्ठान विराटनगरमा आयोजित कार्यक्रममा प्रतिष्ठानका केन्द्रीय अध्यक्ष दुर्गाप्रसाद दाहाल, महासचिव सूर्यकुमार दाहाल, निवर्तमान केन्द्रीय अध्यक्ष शालिग्राम दाहाल, युवराज दाहाल, नारायण प्रसाद दाहाल लगायतले सम्मान प्रदान गरेको थियो ।

# ३ सय ४० किलो गाँजा बोकेको कार बरामद



विराटनगर । सुनसरीको बराहक्षेत्र नगरपालिका-५ स्थितबाट ३ सय ४० किलोग्राम लागू औषध गाँजा बोकेको कारलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

शुक्रवार इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट गस्तीमा खटिएको प्रहरी टोलीले बराहक्षेत्र नगर पालिका-५ स्थित सडक साईडमा वेवासिसे अवस्थामा रहेको बिआर ११ बी अ ा र ७१०२ नम्बरको कारलाई संका लागी चेकजाँच गर्दा उक्त कार भित्र प्लास्टिकमा पोको पारी राखेको ३ सय ४० किलोग्राम गाँजा बरामद गरेको हो ।

गाँजा बरामद भए संगै ओसार पसारमा संलग्न व्यक्तिहरुको खोज तलास भईरहेको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
कोशी हेल्थ इन्सिटच्युट
परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
पवन सारडा (अध्यक्ष)
नेपाल उद्योग परिसंघ, कोशी प्रदेश

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
देव किसन मुन्द्डा
देवेनारा ग्रुप, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
टिका पुरी (प्रमुख)
ऐभरेष्ट सेकेन्डरी स्कुल, परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
जुगल राठी
गोल्ड सिल्भर मार्ट, परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
माननीय राम प्रसाद मेहता
प्रदेश सभा सदस्य, कोशी प्रदेश

क्राईम अपरेशन साप्ताहिक
Crime Operation

# नेपालमा खिस्टियन (इसाई) धर्मको ईतिहास

**श्याम सुन्दर सुतिहार**

नेपालमा खिस्टियन धर्मको इतिहास १९५० को दशकदेखि औपचारिक रूपमा शुरू भएको मानिन्छ। नेपालमा स्थापित पहिलो चर्चहरू मध्ये रामघाट चर्च, पोखरामा सन् १९५२ मा स्थापना भएको हो, जुन David Mukhia को अगुवाइमा शुरू गरिएको थियो। यसपछि सन् १९५७ मा काठमाडौंको ज्ञानेश्वरमा Robert Karthak को नेतृत्वमा अर्को प्रमुख चर्च स्थापना गरियो, जसले राजधानीमा खिस्टियन समुदायको विकासमा ठूलो योगदान पुऱ्याएको छ।

नेपालमा रोमन क्याथोलिक समुदायको प्रमुख चर्च भने Assumption of the Blessed Virgin Mary Cathedral हो, जुन सन् १९९५ मा समर्पित गरिएको थियो र अहिले काठमाडौंमा अवस्थित छ। यस्तैगरी, प्रोटेस्टेन्ट सम्प्रदाय अन्तर्गत Nepal Baptist Church Council सन् १९९२ मा स्थापना भयो, जस अन्तर्गत सयौं चर्चहरू देशभर फैलिएका छन्।

यसका अतिरिक्त, Nepali Reformed Churches जस्ता नयाँ सम्प्रदायहरू पनि सन् २००० पछि उदाएका छन्, जसले विशेषगरी ग्रामीण तथा नयाँ खिस्टियन समुदायहरूमा सेवा पुऱ्याउँदै आएका छन्। यी सबै चर्चहरूको इतिहास नेपालमा धार्मिक स्वतन्त्रता, विविधता र समुदाय-आधारित सेवा भावनाको एक प्रतीक हो।

---

## जेन-जीको...

जीले संगठित रूपमा वकालत गर्नुपर्छ। त्यसका लागि वर्तमान सरकारको सहजीकरणमा जेन-जी सम्मेलन उत्तम विकल्प हुन सक्छ। जेन-जी सम्मेलन भएमा देशभरिका युवा समेटिन्छन् र जेन-जीको आवाज थप समावेशी हुन्छ, आन्दोलनको परिणामलाई अझ व्यवस्थित बनाउँछ।

नेपालको जेन-जीले पुराना पार्टी संरचनाहरूको नक्कल गर्न आवश्यक छैन। बरु यो हाइब्रिड मोडलको हुन सक्छ अर्थात् विकेन्द्रीकृत, डिजिटल र मुद्दा सञ्चालित तीनवटैको मिश्रित रूपमा यो आन्दोलन अगाडि बढ्न सक्छ। पछि समयसँगै बिस्तारै यो संगठित वा राजनीतिक संस्थाहरूमा विकसित हुन सक्छ। सुरुमा उनीहरूले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्मलाई औपचारिक बनाउन सक्छन्, युवा सुधार बडापत्रको मस्यौदा तयार गर्न सक्छन्; स्थानीय रूपमा टोली परिचालन गर्न सक्छन्। त्यसपछि उनीहरूले बलियो सरकारी संस्थाको माग गर्न सक्छन्; भ्रष्टाचार र शासनको निगरानी गर्न त्यहाँ निगरानी कर्ताका रूपमा काम गर्न सक्छन्। अनि तिनीहरू या त राजनीतिक शक्ति (नयाँ पार्टी वा समूह) मा विकसित हुन सक्छन्, वा राजनीतिक एजेन्डा हरूलाई आकार दिने र कुनै पनि सरकारलाई जवाफदेही बनाउने शक्तिशाली दबाब समूहको रूपमा रहन सक्छन्। सबै युवाले यो सरकारले युवाहरूलाई निर्णय प्रक्रियामा कसरी समावेश गर्छ भनेर नजिकबाट हेरिरहेका छन्।

NO SMOKING

यो परिवर्तनलाई हल्का बनाउनु हुँदैन, आन्दोलन केवल भ्रष्टाचार विरोधी थिएन, समग्र प्रणालीमा युवाहरूको निराशा पनि थियो। राज्यका प्रत्येक निकायमा नेताहरुको निर्णय चल्ने अवस्था थियो र छ। निजामती कर्मचारीको सरुवा-बढुवा, न्यायाधीशको नियुक्ति र अन्य विभिन्न महत्त्वपूर्ण निर्णय र नियुक्तिजस्ता हरेक निर्णय प्रक्रियामा राजनीतिक दल का नेताको संलग्नता हुन्छ। निर्णय प्रक्रियाको हरेक कुनामा नेताहरूको संलग्नताले व्यापक भ्रष्टाचार निम्त्याए को छ। यसले युवाहरूमा मात्र नभई सबै नागरिकमा निराशा सिर्जना गरेको थियो। सरकारी सम्पत्तिमा लागेको आग-लागीलाई घुसपैठ मात्रै पनि भन्न सकिन्न, प्रणालीप्रति नै नागरिकको असन्तोष रहेको सामान्य मान्छेले पनि विश्लेषण गर्न सक्छ।

यस अन्तरिम सरकारले प्रणालीको मुद्दामा केही ठोस कार्य गर्न सक्दैन, तर यसले प्रणाली परिवर्तन गर्ने जग बसाल्नुपर्छ, ताकि चुनावपछि आउने शक्तिले प्रणालीलाई कसरी वैध तरिकाले परिवर्तन गर्ने भनेर निर्णय गर्न सकोस्।

जेन-जीको नेतृत्वमा भएको यो आन्दोलन केवल तत्कालीन सरकारलाई बदल्ने प्रयत्न होइन, भ्रष्टाचारलाई शून्य सहनशीलता सहित सम्बोधन गर्ने सामूहिक घोषणापत्र हो। अहिलेको चुनौती भनेको आक्रोशलाई संस्थागत सुधारमा परिणत गर्नु र क्षणिक जोशलाई दीर्घकालीन संरचनामा रूपान्तरण गर्नु हो। अन्तरिम सरकारले पारदर्शिता, जवाफदेहिता र विधिको शासनलाई मजबुत बनाउने दिशा लिन्छ भने यसले आगामी सरकारलाई स्थायी सुधार गर्ने जग बसाल्नेछ। युवाहरूले पनि परिपक्वता देखाउँदै आन्तरिक एकता कायम गरेमा यो आन्दोलनले नेपाललाई केवल भ्रष्टाचारमुक्त होइन, अझ समृद्ध र लोकतान्त्रिक भविष्यतर्फ डोऱ्याउनेछ। आशा गरौं, आगामी दिनहरूमा भ्रष्टाचारमा शून्य सहनशीलताका साथ देश थप समृद्ध र लोकतान्त्रिक हुनेछ, जसको जेन-जीहरूले सपना देखेका छन्।

रातो पाटीबाट सभार

---

# छिमेकीको हत्या गरेको अभियोगमा दुई पक्राउ

विराटनगर। झापाको बिर्तामोड नगरपालिका-७ का ३६ बर्षीय फुर्बा तामाङको हत्यामा संलग्न २ जनालाई जिल्ला प्रहरी कार्यालय झापाले पक्राउ गरेको छ। पक्राउ पर्नेमा बिर्तामोड -७ का २८ बर्षीय प्रेम कुमार राई र ३३ बर्षीय राम कुमार राई रहेको छ।

असोज ७ गते बिहानको राती के कुन समयमा आफ्नै घरमा रहेका तामाङलाई धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको भन्ने खवर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय झापाबाट घटनास्थलमा खटिएको प्रहरी टोलीले हत्यामा संलग्न दुई जनालाई घटनामा प्रयोग भएको खुकुरी सहित पक्राउ गरेको हो।

मृतक लासको कानुनी प्रकृया पुरा गरी पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको छ भने हत्यामा संलग्न दुबैजनाको कर्तब्य ज्यान कसुरमा म्याद थप गरी अनुसन्धान भई रहेको छ।

# अबैद्ध रकम सहित मोटर साइकल चालक पक्राउ

विराटनगर। भारतबाट नेपाल तर्फ आउँदै गरेको मोटरसाईकल चेक जाँच गर्दा १५ लाख ५० हजार अबैध रकम सहित मोटर चालक चालकलाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १७ स्थितमा अस्थायी प्रहरी पोष्ट मटेरुवाबाट खटिएको प्रहरी टोलिले चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउदै गरेको को. ३८ प.५८५१ नम्बरको मो.सा. शंका लागि रोकी चेकजाँच गर्दा सो रकम सहित चालक जिल्ला मोरङ विराटनगर महानगर पालिका वडा नं.१८ बस्ने वर्ष ४१ को बिरेन्द्रले साहलाई पक्राउ गरेको हो।

लुकाई छिपाई ल्याएको स्रोत नखुलेको अबैध नेपाली रकम फेला पारी बरामद गरि मोटरसाईकल सहित साहलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय रानिमा राखी थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय, मोरङका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कोपिला चुडालले जानकारी गराए।

NO SMOKING

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
कान्तिपुर कलेज, परिवार
मेनरोड विराटनगर-१०

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
प्रकाश मुन्दडा
उद्योगी/व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
नन्द किशोर तापडिया
उद्योगी/व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०८२ सालको विजया दशमी शुभ दिपावला र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक य शुभकामना व्यक्त ग
राजेन्द्र राउत
उद्योगी/व्यवासयी